# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् "स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड" को नामबाट एकीकृत वित्तीय कारोबार शुभारम्भ गरिने बारे सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८३/०५/०६ गते शनिबार)**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ११५७/०६६/०६७ रहि बनेपा-०५, काभ्रेपलाञ्चोक स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र (ने.रा.बैंक/इ.प्रा./"घ"/१६/०६६/०६७) प्राप्त राष्ट्रिय स्तरको **स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड**ले नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ११७४४६/०७०/०७१ रहि बनेपा-१३, काभ्रेपलाञ्चोक स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र (ने.रा.बैंक/इ.प्रा./"घ"/३८/०७१/७२) प्राप्त बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको **विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई प्राप्ती गर्ने सम्बन्धमा **नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधन सहित)** बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) सम्बन्धमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयबाट अन्तिम स्वीकृति प्राप्त भएकोले गाभिए पश्चात **विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**को अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व, तथा अन्य सम्भावित दायित्वहरु नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको **स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड**ले व्यहोर्ने/सकार्ने गरी **मिति २०८३/०५/२१ गते आईतबार**बाट एकिकृत कारोबार सञ्चालन गरिने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, **मिति २०८३/०५/२१ गते आईतबार** १ दिनको लागि दुबै संस्थाको सम्पूर्ण बैंकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरु, शेयरधनी महानुभावहरु लगायत नियामक निकायहरु तथा सम्बन्धित सरोकारवालाहरु सबैलाई जानकारी गराइन्छ।

प्राप्ति पश्चात "**स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड**" को रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ०५ मा कायम रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।


## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

**Swarojgar Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बनेपा-५, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६१०६०, ६६५३४८

ईमेलः info@slbbl.com.np, वेबसाईटः www.slbbl.com.np

## विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

**Wean Nepal Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था, (बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक,फोन नं. ०११-६६५६२६

ई-मेलः info.weannepal@gmail.com वेबसाईटः www.weannepal.com